# जिल्ला समन्वय समितिको कार्यालय, बाजुरा

**Office of The District Co-ordination Committee, Bajura**

☎५४११३४(स्था.वि.अ.)
५४११३५(निवास)
५४१०६९(यो.अ.)
५४१२६५(ले.अ.)
५४१०६८(लेखा)
फ्याक्स न. ०९७-५४१०२४

पत्र संख्या :- २०७४/०७५/प्रशासन शाखा
चलानी नं.:- ४९५

मार्तडी (Martadi)
७ नम्वर प्रदेश, नेपाल

मिति :- २०७४/०९/१६

**विषय :- सामाजिक परीचालकको सेवालाई निरन्तरता दिई व्यवस्थापन सम्वन्धमा।**

श्री बडिमालिका नगरपालिका नगरकार्यपालिकाको कार्यालय मार्तडी, बाजुरा ।
श्री त्रिवेणी नगरपालिका नगरकार्यपालिकाको कार्यालय तोली बाजुरा ।
श्री बुढीगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय कुल्देवमाण्डौ बाजुरा ।
श्री बुढीनन्दा नगरपालिका नगरकार्यपालिकाको कार्यालय कोल्टी, बाजुरा ।
श्री छेडेदह गाउपालिका गाउकार्यपालिकाको कार्यालय डोगडी बाजुरा ।
श्री गौमुल गाउँपालिका गाउकार्यपालिकाको कार्यालय मानाकोट बाजुरा ।
श्री स्वामीकार्तिक गाउँपालिका गाउकार्यपालिकाको कार्यालय वाई बाजुरा ।
श्री पाण्डवगुफा गाउपालिका गाउकार्यपालिकाको कार्यालय जगन्नाथ बाजुरा ।
श्री हिमाली गाउपालिका गाउकार्यपालिकाको कार्यालय, बाँध बाजुरा ।

उपर्युक्त सम्वन्धमा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा यस जिल्ला समन्वय समितिबाट सन् २००८ जुलाई देखि निरन्तर रुपमा संचालन हुदै आईरहेको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत **सामाजिक परीचालन कार्यक्रम** २०७४ पौष १६ गते देखि समापन हुने भएकोले उक्त कार्यक्रमको आर्थिक सहयोगमा यस जिल्ला भित्रका साविकका २७ वटै गाउँ विकास समितिको कार्यालय हालका ९ वटा स्थानीय तहमा कार्यरत सामाजिक परिचालकहरुको सेवा समेत समाप्त हुने भएकोले, हाल कर्मचारी समायोजन नभएको र स्थानीय तहमा कर्मचारी नखटाईएको अवस्थामा स्थानीय तहमा जनशक्तिको अभावले प्रभावकारी सेवा पुऱ्याउने काममा समस्या रहेको परिवेशमा विगत लामो समयसम्म स्थानीय तहमा कामकाज गर्दै आईरहेका सामाजिक परिचालकहरुमा लामो अनुभव तथा सहजै रुपमा स्थानीय तहको कामकाज गर्न सक्ने क्षमता भएकोले उक्त जनशक्तिलाई तहाँ नगरपालिका तथा गाउँपालिकामा उपयोगका लागि निजहरुको सेवा निरन्तरका लागि सिफारिस साथ अनुरोध गरिन्छ । साथै सामाजिक परिचालकलाई सम्वन्धित स्थानीय तहमा व्यवस्थापन गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको चलानी नम्वर २५ मिति २०७४।९।१४ को प्राप्त पत्रको बुँदा न ४ को फोटोकपी यसैसाथ संलग्न राखि पठाईएको छ सोही बुँदा बमोजिम सामाजिक परिचालकहरुको सेवालाई उपयुक्त (समानीकरण अनुदानको चालु खर्च शिर्षक) स्रोतबाट बजेटको व्यवस्था मिलाई सभा/कार्यपालिकाबाट निर्णय गरी गराई सामाजिक परिचालकहरुलाई निरन्तरता दिन सकिने कुरा समेत उल्लेख गरिएकोले सामाजिक परिचालकहरुलाई २०७४।९।१७ गते देखि तहाँ नगरपालिका तथा गाउँपालिकाबाट सेवाको व्यवस्थापन गरी निरन्तरता दिन हुन समेत अनुरोध गरिन्छ ।

०७४।९।१६

(जङ्गबहादुर थापा)
निमित्त जिल्ला समन्वय अधिकारी

**नि.जिल्ला समन्वय अधिकारी**

बोधार्थ

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
जनशक्ति विकास तथा प्रशासन शाखा सिंहदरबार काठमाण्डौ ।

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखा सिंहदरबार काठमाण्डौ ।

email: info@ddcbajura.gov.np,website : ddcbajura.gov.np

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

फोन: ०१-४२००३०९, ०१-४२००२८१

पत्र संख्या:- ०६४/६५

मिति:- ०६४-९-१४

चलानी नं.:- २५

४। स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीयतहहरुले सामाजिक परिचालन लगायत आफुले प्रदान गर्ने सेवालाई व्यवस्थित गर्नको लागि आवश्यक परियोजनामुलक जनशक्ति व्यवस्थापन गर्ने स्वायतता रहेकाले विगतमा उत्कृष्ट कार्यसम्पादन भएका सामाजिक परिचालकहरुको सेवालाई उपयुक्त स्रोतवाट वजेटको व्यवस्था मिलाई नीतिगत निर्णय गरी व्यवस्थापन गर्न सकिने।

२०६४/९/१९

विश्वराज मरासिनी

उप-सचिव

वोधार्थ : श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
कार्यक्रम समन्वय इकाई - ववरमहल

वोधार्थ : श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
प्रादेशिक समन्वय इकाई - सवै सामाजिक परिचालकहरुलाई कार्य अनुभव प्रमाणिकरण गरिदिने व्यवस्था हुन।

श्री सूचना तथा विद्युतिय सुशासन शाखा : पत्र मन्त्रालयको Website मा Up load गरिदिनुहनु।